# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, कात्तिक २६ गते २०४२ साल (संख्या ३०

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

संस्था दर्ता (पहिलो संशोधन) नियमावली, २०४२

संस्था दर्ता नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "संस्था दर्ता (पहिलो संशोधन) नियमावली, २०४२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. संस्था दर्ता नियमावली, २०३४ को नियम ५ मा संशोधन : संस्था दर्ता नियमावली, २०३४ को नियम ५ को उप-नियम (३) पछि देहायको उप-नियम (४) थपिएको छः–

"(४) उप-नियम (३) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्रको नवीकरण गराउन नसकेका सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्बाट प्रमाणपत्र प्राप्त गरेका संस्थाले यो उप-नियम प्रारम्भ भएको मितिले सार्वजनिक बिदाको दिनबाहेक पैंतीस दिनभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराउन आएमा स्थानीय अधिकारीले उप-नियम (३) बमोजिमकै दस्तूर लिई नवीकरण गर्न सक्नेछ।"

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।